# माडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घर्तिगाउँ,रोल्पा
### लुम्बिनी प्रदेश,नेपाल

प.स : २०८२/०८३
च.नं. : ९६६

मोबाईलः९८५७८२४६०१

मितिः२०८२/०५/०१

श्री ६ वटै वडा कार्यालय सबै ,

श्री सरोकारवाला सवै,

विषयःजानकारी सम्बन्धमा ।

उपरोक्त विषय सम्बन्धमा, भूमि समस्या समाधान आयोग ताहाचाल काठमाडौं बाट मिति २०८२/०४/३० गते प्रकाशित सूचना अनुसार यस गाउँपालिका कार्यक्षेत्र भित्र रहेका ६ वटै वडा कार्यालयहरुमा भूमिहीन दलित,भूमिहीन सुकम्वासी र अव्यबस्थित बसोबासिहरुले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरि मिति २०८२/०४/३० देखि ३५ (पैतिस) दिन भित्र सम्बन्धित वडा कार्यालयमा खटिएका कर्मचारी मार्फत पेश गर्नहुन अनुरोध छ ।

..............................
इश्वरी प्रसाद गौतम
नि.प्रमुख प्रशासकिय अधिकृत
**नि.प्रमुख प्रशासकीय अधिकृत**

*"कृषि,पशुपंक्षी ,जडिबुटि र दिगो पूर्वाधार, समृद्ध माडीको आधार "*

CS Scanned with CamScanner

**नेपाल सरकार**

# भूमि समस्या समाधान आयोग

**ताहाचल, काठमाडौं ।**

**फोन नं. ०१-५३१३९३२/५३१३९३६**

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०७७/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा कुनै समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**नेपाल सरकार**

# भूमि समस्या समाधान आयोग

**ताहाचल, काठमाडौं ।**

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।